नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी नं: 9३८३

श्री प्रशासन
सूचना पाटिमा टाँस गर्ने तथा website मा upload गर्ने व्यवस्था मिलाउने।
०७८/३/२९

मिति २०७८/०३/२८

**विषय : आ.ब. २०७७/७८ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धमा ।**

श्री स्थानीय तह (गाउँपालिका, नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) सबै ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा(१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१), निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी, नेपाल राजपत्र, खण्ड ६८, असार २०(अतिरिक्ताङ्क ११) भाग, ५, नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोके बमोजिम र यस आ.ब. मा सेवा निबृत भएका कर्मचारीले समेत आर्थिक बर्ष समाप्त भए पश्चात सम्पत्ति विवरण बुझाउनुपर्ने व्यवस्था भए बमोजिम देहायका सेवा समूहका कर्मचारीहरु/जनप्रतिनिधिहरुले देहाय बमोजिम सम्पत्ति विवरण बुझ्नु/बुझाउनु हुन नेपाल सरकार(सचिवस्तर) को मिति २०७८/०३/२७ को निर्णयानुसार अनुरोध छ ।

तपशिल

| सि.नं. | सम्पत्ति विवरण पेश गर्ने सेवा/समूह | सम्पत्ति विवरण पेश गर्ने निकाय | सम्पत्ति विवरण पेश गर्नु पर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | संघीय निजामती सेवा तथा समायोजन ऐन, २०७५ अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु | राष्ट्रिय किताबखाना(निजामती) | आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र | |
| २. | लोक सेवा आयोगको विज्ञापनबाट परिपूर्ति भई स्थानीय तह (गाउँपालिका र नगरपालिका) हरुमा कार्यरत स्थानीय सेवाका कर्मचारीहरु | आर्थिक बर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरिसक्नुपर्ने । | सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्बन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । | |

(शाखा अधिकृत)

Scanned with CamScanner

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| ३. | करार सेवामा कार्यरत कर्मचारीहरुको हकमा | सम्बन्धित स्थानीयहरुमा आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र वुझाउने र बुझ्ने स्थानीयतहहरुले राष्ट्रिय सतर्कता केन्द्र सिंहदरबार काठमाण्डौंले तोकेको ढाँचा/ Link मा Entry गर्नु पर्ने । | सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्वन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । |
| ४. | जनप्रतिनिधिको हकमा | आर्थिक बर्ष समाप्त भएको मितिले सम्बन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता गरिसक्नुपर्ने । | सम्वन्धित स्थानीय तहमा ६० दिन भित्र दर्ता भएको सम्पत्ति विवरण सम्वन्धित प्रदेशको मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३० दिन भित्र दाखिला गरिसक्नुपर्ने । |

तुलसी भट्टराई
शाखा अधिकृत

**बोधार्थः**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सातवटै प्रदेश ।

श्री श्री राष्ट्रिय किताबखाना, हरिहरभवन , ललितपुर ।

श्री सूचना तथा प्रविधि शाखाः वेवसाइटमा अपलोड गर्नुहुन ।

Scanned with CamScanner